यो आकाशवाणी हो।

24 -08-25

मुख्य समाचार।

- प्रधानमन्त्रीले मानिससंग **श्री गुरुग्रन्थ साहिब जीको प्रज्ञा मार्गमा चलने** गर्नुभयो अपील
- फिजीका प्रधानमन्त्री भारतको तीन दिनेमा
- केन्द्र सरकारले **लन्दन मेटल एक्सचेन्ज** जस्तो एउटा खनिज व्यापार एक्सचेन्ज स्थापित गर्ने
- रक्षा अनुसधान र विकास संगठनले एकीकृत हवाई रक्षा शस्त्र प्रणालीको गर्यो सफल परीक्षण , अनि
- बिहारमा **मसौदा मतदाता सूचीमा** अन्ठानन्बे प्रतिशत भन्दा अधिक मतदाताहरूको दस्तावेज प्राप्त

**प्रधानमन्त्री - प्रकाश पर्व**

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले श्री गुरुग्रन्थ साहिब जी-को प्रकाश पर्वमा शुभकामना दिनुभयो । सोशल मीडिया पोस्टमा उहाँले भन्नुभयो, श्री **गुरुग्रन्थ** साहिब जीको **शाश्वत** शिक्षाले जीवनलाई आलोकित गर्छ तथा हाम्रो करुणा, विनम्रता र सेवाको मूल्यको विनम्र स्मरण गराउँछ । प्रधानमन्त्रीले मानिससंग श्री गुरुग्रन्थ साहिब जीको प्रज्ञा मार्गमा चलने अपील पनि गर्नुभयो ।

**5-संशो प्रधानमंत्री - अर्थव्यवस्था**

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले भन्नुभयो , भारत **रिफर्म, परफर्म र ट्रान्सफर्मको** मन्त्रमा

विश्वलाई मन्दीदेखी **उकासने** स्थितिमा छ । श्री मोदीले नयाँ दिल्लीमा एउटा कार्यक्रममा भन्नुभयो , भारत शीघ्र नै विश्वको तेस्रो सबैभन्दा ठूलो अर्थव्यवस्था बनिनेछ । प्रधानमन्त्रीले भन्नुभयो, वर्ष दुई हजार सैतालिस सम्म भारत एउटा विकसित राष्ट्र बनाउन तर्फ अग्रसर छ । श्री मोदीले भन्नुभयो, वस्तु र सेवाकर – **जी.एस.टी –को नेक्स्ट जेनरेशनको** सुधारको प्रक्रिया दीपावली भन्दा पहिले नै पूरा हुनेछ । यसले देशमा सबै वस्तुहरूको मूल्यमा कमी हुनेछ। प्रधानमन्त्रीले निजी क्षेत्रदेखी स्वच्छ ऊर्जा, **क्वान्टम प्रौद्योगिकी, बेटरी भण्डारण, उन्नत सामग्री र जैव प्रौद्योगिकी**को क्षेत्रमा अनुसन्धान र विकासमा निवेश बढ़ाउने पनि आह्वान गर्नुभयो ।

**संशो फिजी के प्रधानमंत्री - भारत यात्रा**

फिजीका प्रधानमन्त्री **सिटिवेनी लिगामा- मादा राबुका** भारतको तीन दिनको यात्रामा आज बिहान नयाँ दिल्ली पुग्नुभयो। शिक्षा र पूर्वोत्तर विकास राज्य मन्त्री **सुकान्ता मजूमदार**-ले हवाई अड्डामा उहाँको स्वागत गर्नुभयो। उहाँका साथमा उहाँकी पत्नी **सुलुएती राबुका** पनि उपस्थित हुनुभयो। श्री राबुका-का साथ आएका प्रतिनिधिमण्डलमा स्वास्थ्य र चिकित्सा सेवा मन्त्री, **रातू अटोनियो लालबा लावु** र वरिष्ठ अधिकारी शामेल भए। उहाँले भोली प्रधानमन्त्री नरेन्द्र मोदीका साथ बातचीत गर्नुहुनेछ भने राष्ट्रपति द्रौपदी मुर्मुलाई पनि भेट्नुहुनेछ।

फिजीका प्रधानमन्त्रीको यो यात्रा भारत र फिजी बीच दीर्घकालिक र स्थायी सम्बन्धका लागि महत्वपूर्ण छ। यसै यात्रा संग सबै क्षेत्रमा द्विपक्षीय सम्बन्धहरूलाई अझ मजबूत गर्न तथा मानिस बीच घनिष्ठ सम्बन्धलाई बढ़ाउका लागि दुबै देशको निरन्तर प्रतिबद्धता सुप्रष्ट हुन्छ।

**संशो. दिल्ली-स्पीकर सम्मेलन**

गृहमन्त्री अमित शाहले आज दिल्लीमा दुई दिवसीय अखिल भारतीय स्पीकर सम्मेलनको दिल्ली विधानसभामा उद्घाटन गर्नुभयो। यो सम्मेलन केन्द्रीय विधानसभाको पहिले निर्वाचित अध्यक्ष **विट्ठलभाई पटेल-को** शताब्दी वर्षको अवसरमा आयोजित गरिएको छ । यस अवसरमा श्री शाहले भन्नुभयो, देशको स्वतंत्रता जस्तै, आज़ादी पछि देशलाई लोकतान्त्रीक तरीक़ाले चलाउनु पनि उतीकै महत्वपूर्ण छ । उहाँले भन्नुभयो, वीर **विट्ठलभाई** पटेलले देशलाई भारतीय आदर्शमा लोकतान्त्रिक तरीक़ाले चलाउने आधारशिला राख्नु भयो । श्री शाहले सदनको गरिमा र अध्यक्ष पदको सम्मान बढ़ाउने दिशामा काम गर्नु आवश्यक रहेको बताउनुभयो । उहाँले भन्नुभयो, सदनमा देशका जनताको मुद्दालाई निष्पक्ष रूपले उठाउने अवसर दिनुपर्छ।

**10-कोयला मन्त्री-खनिज विनिमय**

कोयला एवं खान मन्त्री जी. **किशन रेड्डीले** भन्नुभयो, केन्द्र सरकारले **लन्दन मेटल एक्सचेन्ज** जस्तो एउटा खनिज व्यापार एक्सचेन्ज स्थापित गर्नेछ । हैदराबादमा संवाददाताहरूसंग बातचीतमा उहाँले भन्नुभयो, खनिज एक्सचेन्ज सेबीको मानदण्ड अनुसार स्थापित गरिनेछ । प्रस्तावित खनिज **एक्सचेन्जबाट उद्योगी**, व्यापारी र अन्य हितधारहरूका लागि राम्रो मूल्य निर्धारणमा सहयोग मिल्ने आशा छ । उहाँले बताउनुभयो, खनिज एक्सचेन्जलाई हालैमा पारित कानूनको हिस्सा बनाइएको छ र सम्बन्धित दिशा निर्देश छिट्टै जारी गरिनेछ।

समाचार आकाशवाणीबाट सुन्नुहुँदैछ।

**डीआरडीओ-परीक्षण**

रक्षा अनुसधान र विकास संगठन-**डी.आर.डीओ** –ले एकीकृत हवाई रक्षा शस्त्र प्रणालीको हिजो ओडिशा तट छेउमा पहिलो सफल परीक्षण गऱ्यो । यस बहु-स्तरीय स्वदेशी प्रणालीमा ज़मीन देखी हवामा मार  गर्ने मिसाइल, कम दूरीको उन्नत हवाई रक्षा प्रणाली भएको मिसाइल र लेजर-चालित निर्दिष्ट एनर्जी शस्त्र शामिल छ। परीक्षण उड़ानमा यस प्रणालीदेखी अलग-अलग दूरीमा स्थित तीन लक्ष्यलाई सफलतापूर्वक नष्ट गरियो ।रक्षा मन्त्री **राजनाथ सिंहले** परीक्षण उड़ानको सफलतामा **डी.आर.डी.ओ** –का वैज्ञानिक , सशस्त्र बल र रक्षा उद्योगलाई बधाई दिनुभयो।

**श्रीलंका - पतंग महोत्सव**

श्रीलंकाको राजधानी कोलम्बोमा, आज रंगा रंग पतङ्ग उत्सव मनाइरहेको छ। यसमा पचिस देशका पचपन्न अन्त राष्ट्रीय पतंगबाजहरूले भागीदारी लिए । कोलम्बो पतंग महोत्सव कलात्मकता र सांस्कृतिक उत्सवको रूपमा अन्तरराष्ट्रीय आकर्षणको केन्द्र बन्यो।

**निर्वाचन आयोग-बिहार**

निर्वाचन आयोगले भनेको छ, बिहारमा **मसौदा मतदाता सूचीमा**   आपत्ति र दावीका लागि अहिले सम्म  अन्ठानन्बे प्रतिशत भन्दा अधिक मतदाताहरूको दस्तावेज प्राप्त भएको छ । आपत्ति र दावी दर्ता गर्नका लागि आठ दिन अझै **शेष** छ। यस अवधिमा नागरिक मतदाता सूचीमा दावी र आपत्ति दर्ता गर्नका साथ-साथ आफ्नो यस्तो दस्तावेज  पनि जमा गर्न सकिन्छ जो उनीहरूले गणना प्रपत्र भर्दा दिएका थिएन्न्।

**बिहार - बाढ़**

बिहारमा नदीहरूको जलस्तरमा अचानक भएको वृद्धिका कारण नालन्दा, जहानाबाद र गया ज़िलाको केही इलाकामा बाढ़ जस्तो स्थिति बनेको छ । यो स्थिति प्रदेशको फाल्गु, **लोकायिन, मुहाने** र अन्य मौसमी नदीहरूमा पानी बढ्ने तथा झारखण्ड देखी फाल्गु नदीमा भारी मात्रामा पानी छोड़े पछि उत्पन्न भएको हो । जल संसाधन विभागले हाई अलर्ट घोषित गरेको छ। नालन्दा, जहानाबाद र **गयामा** केही घर बाढ़को चपेटमा आएको छ र ठूलो मात्रामा फसल पनि नष्ट भएको छ। ख़बर अनुसार, नौ स्थानमा तटबन्धलाई क्षति पुगेको छ। नालन्दाको एकनगर सराय र हिलसा प्रखण्डमा बाढ़को पानी लगभग बाह्र गाउँमा फैलिएको छ भने, मानिस छत र छेउ-छाउका उच्च स्थानमा शरण लिन बाध्य हुनुपर्यो।

**मौसम**

मौसम विभागले पूर्वी राजस्थान र जम्मू-कश्मीरमा मूसलाधारे वर्षाको रेड अलर्ट जारी गरेको छ । पूर्वी मध्य प्रदेश, गुजरात, हरियाणा, चण्डीगढ़, दिल्ली, पन्जाब, उत्तराखण्ड र पश्चिमी राजस्थानमा अलग-अलग स्थानमा तेज वर्षाको संभावना छ । बिहार, छत्तीसगढ़, झारखण्ड, पश्चिम बंगाल, कोडकण, गोवा, मध्य महाराष्ट्र, ओडिशा, उत्तर प्रदेश र सिक्किममा पनि केही स्थानमा तेज वर्षा हुन सक्छ भने पूर्वोत्तर राज्यमा पनि यस्तै स्थिति रहनेछ।

अनत्यमा मुख्यसमाचार फेरी एकपल्ट

- प्रधानमन्त्रीले मानिससंग **श्री गुरुग्रन्थ साहिब जीको प्रज्ञा मार्गमा चलने** गर्नुभयो अपील
- फिजीका प्रधानमन्त्री भारतको तीन दिनेमा

- केन्द्र सरकारले **लन्दन मेटल एक्सचेन्ज** जस्तो एउटा खनिज व्यापार एक्सचेन्ज स्थापित गर्ने
- रक्षा अनुसधान र विकास संगठनले एकीकृत हवाई रक्षा शस्त्र प्रणालीको  गर्यो सफल परीक्षण , अनि
- बिहारमा **मसौदा मतदाता सूचीमा**  अन्ठानन्बे प्रतिशत भन्दा अधिक मतदाताहरूको दस्तावेज प्राप्त